कार्यक्रमको नामः धार्मिक तथा संस्कृतिक सहायता

| PLMBIS Code | खर्च शीर्षक | लक्ष्य | इकाई | बजेट (रू. हजारमा) | समय अवधि ( त्रैमासिक) |
|---|---|---|---|---|---|
| ४.५.४.१४ | २५३१४ | | पटक | ३२१०० | पहिलो-चौथो |
| ४.५.४.१५ | | | | | |
| ४.५.४.१७ | | | | | |
| ४.५.४.१२ | | | | | |
| ४.५.४.१३ | | | | | |
| ४.५.४.११ | | | | | |

| शीर्षक | विवरण |
|---|---|
| उद्देश्य | प्रदेशका धार्मिक र सांस्कृतिक संस्थाहरूको संरक्षण, संचालन र प्रवर्द्धन सुनिश्चित गर्नु । |
| सञ्चालन प्रक्रिया | • धार्मिक र सांस्कृतिक कृयाकलापको लागि मात्र अनुदान प्रदान गरिने<br>• धार्मिक तथा सांस्कृतिक कृयाकलापमा विशेष योगदान पुऱ्याउने व्यक्ति/समुह/संस्थालाई प्रोत्साहन सहायता अनुदान प्रदान गरिने<br>• अनुदान लिने संस्था धार्मिक तथा संस्कृतिक कृयाकलाप गर्ने वा सामाजिक कृयाकलाप गर्ने उद्देश्य सहित नाफा रहित सामुदायिक संस्थाको रूपमा दर्ता भएको हुनुपर्नेछ ।<br>• अनुदान माग गर्ने संस्था/समितिले मन्त्रालय तथा मातहतका कार्यालयहरूमा कार्यक्रम सञ्चालन हुने मिति अगावै प्रस्ताव दर्ता गर्नु पर्नेछ ।<br>• मन्त्रालय/कार्यालयले आफुले प्रदान गर्ने अनुदानको हकमा कार्यालय प्रमुखको संयोजकत्वमा कम्तिमा ३ सदस्यिय प्रस्ताव मुल्यांकन समिति गठन गर्नुपर्ने छ र प्राप्त प्रस्तावको मुल्यांकन पश्चात विनियोजन भएको रकम र रकम माग भएको प्रस्ताव अनुरुपमात्र अनुदान प्रदान गर्नुपर्ने छ ।<br>• सहायता दर्ता भएका गैर नाफामुलक संघ/संस्थालाई मात्र प्रदान गर्ने<br>• मन्त्रालय र मातहतका कार्यालयहरूमा प्राप्त भएका प्रस्तावहरूलाई सामान्यतया मन्त्रालयले मकवानपुर, सिन्धुली र रामेछाप जिल्ला, पर्यटन कार्यालय चितवनले चितवन, धादिङ्ग, नुवाकोट र रसुवा जिल्ला तथा पर्यटन कार्यालय काठमाडौंले काठमाडौं उपत्यका सहित सिन्धुपाल्चोक, काभ्रे र दोलखामा अनुदान प्रदान गरिनेछ । तर मन्त्रालयले भने मातहतका कार्यालयसंगको समन्वयमा उहि कार्यक्रममा दोहोरो नपर्ने गरी जुनसुकै जिल्लाको प्रस्तावलाई पनि अनुदान दिन सकिनेछ । |

मा. सुरेश श्रेष्ठ
मन्त्री

प्रदेश सचिव

- सहायता माग गर्ने संघ/संस्थाले देहाय बमोजिमको कागजात सहित माग गर्नुपर्ने
  - सहायता माग गरिएको निवेदन,
  - प्रचलित कानून बमोजिम संस्थाको दर्ता प्रमाणपत्र, नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी, प्यान दर्ताको प्रतिलिपि, कर चुक्ताको प्रमाण
  - संस्थाको अघिल्लो आर्थिक बर्षको लेखा परिक्षण प्रतिवेदन,
  - संस्थाको पृष्ठभूमी, परिचय, जनशक्ति, आर्थिक तथा भौतिक अवस्था खुलेको संक्षिप्त विवरण सहितको प्रस्ताव
  - संस्थाको विधान,
  - कार्यसमितिले सहायता माग गरेको निर्णयको प्रतिलिपी
  - स्थानीय तह तथा कार्यक्रममा सहकार्य गर्ने अन्य संघसंस्था तथा निकायबाट व्यहोरिने श्रोतको विवरण,
  - यस पूर्व मन्त्रालयबाट अनुदान सहयोग लिए/नलिएको विवरण,
  - मन्त्रालय/कार्यालयले आवश्यक ठानेका अन्य कागजातहरु
- सहायता माग गर्ने संघ/संस्थाले देहाय बमोजिमको कागजात सहित भुक्तानि माग गर्नुपर्ने
  - कार्यसम्पन्न प्रतिवेदन
  - अनुदानग्राहीको तर्फबाट कार्यसम्पन्न पश्चात भुक्तानि मागको लागि कार्यसमितिले गरेको निर्णय
  - भूक्तानीको लागि सम्बन्धित स्थानीय तहको सिफारिस
  - सम्बन्धित कार्यसम्पन्नको सामाजिक लेखा परीक्षण प्रतिवेदन,
  - खर्च गरेको सम्पूर्ण विल भरपाई,
  - पेन ड्राईभमा कार्यक्रमका तस्विर/भिडियो
  - कार्यक्रमको प्रकृति हेरेर मन्त्रालय/कार्यालयले माग गरेको अन्य कार्यक्रम पुष्टि गर्ने कागजपत्र
- उल्लिखित बमोजिम कागजात सहित मन्त्रालय/कार्यालयमा पेश भए पश्चात रकम सम्बन्धित संघसंस्थाको बैक खातामा निकासा गरिनेछ ।
- मन्त्रालय/कार्यालयले प्रस्ताव मुल्याङ्कन गरि PLMBIS मा रहेको प्रति ईकाइ दर बमोजिम अधिकतम ननाघ्ने गरी विल अनुरुपको रकम प्रदान गर्न सक्नेछ ।
- मन्त्रालयले प्राप्त प्रस्ताव मध्ये आवश्यकता, औचित्य, र विनियोजित रकमलाई मध्यनजर गरि सबै प्रस्ताव वा आंशिक प्रस्तावलाई सहायता प्रदान गर्न सक्नेछ

मा. सुरेश श्रेष्ठ
मन्त्री

| | |
|---|---|
| | • यो मार्गदर्शन जारि हुन अघि प्रस्ताव पेश भएका र कार्यक्रम सम्पन्न भई सकेका धार्मिक / सांस्कृतिक कार्यक्रमको हकमा समेत भूक्तानि माग गर्दा उल्लिखित बमोजिमको सबै कागजात उपलब्ध गराउनुपर्ने छ । |
| जिम्मेवार निकाय | संस्कृति तथा पर्यटन मन्त्रालय र मातहतका सबै कार्यालय तथा अनुदानलिने संस्था वा समिति |
| बजेट बाँडफाँड | स्वीकृत खर्चको मापदण्ड र नर्म्स भित्र रहि बजेट बाडफाट गरि मन्त्रालयको सन्दर्भमा मन्त्रिस्तरको निर्णयबाट र मातहतका कार्यालयको सन्दर्भमा कार्यालय प्रमुखबाट स्वीकृत गरि अनुदान उपलब्ध गराउने । |
| अपेक्षित उपलब्धी | धार्मिक तथा सांस्कृतिक स्थलहरूको संरक्षण र सञ्चालनमा सुधार, तथा सांस्कृतिक गतिविधिहरूको प्रवर्द्धन। |
| अनुगमन तथा मुल्याङ्कन सूचक | • सहायता प्राप्त स्थल/संस्थाको संख्या<br>• सहायता प्रदानबाट प्राप्त परिणाम<br>• सरोकारवालाबाट प्राप्त प्रतिक्रिया |
| प्रतिवेदन प्रणाली | सम्पूर्ण अनुदान दिने कार्य सम्पन्न भए पछि कार्यक्रमको उपलब्धि मूल्यांकन सहित भए गरेका सबै क्रियाकलापहरू समेटीयको प्रतिवेदन तयार हुने । |

मा. सुरेश श्रेष्ठ
मन्त्री

प्रदेश सचिव